# मैवाखोला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## साघु, ताप्लेजुङ
२०७३

**डब्बल क्याब पिकअप जिप र अफरोड मोटर साईकल खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशन मिति : (२०७५/०६/२९ गते)

१) यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका डब्बल क्याब पिकअप जिप र अफरोड मोटर साईकल सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टाछुट्टै दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter / Dealership certificate को प्रमाणित प्रतिलिपी  नियमानुसार को तपसिलमा उल्लेख पत्र दस्तुर (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिने छ ।

४) दरभाउपत्र फारम साथ जमानत वापतको रकम यस गाउँपालिका कार्यालयको नाममा फुङलिङ स्थित नेपाल बैंक लिमिटेडमा रहेको धरौटी खाता च.हि.नं ०६२०३०००००००६४ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजस्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ ।यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७) दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

९) दरभाउपत्र सम्बन्धी थप जानकारीका लागी ९७४२६२२२२७ वा गाउँपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| दरभाउपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०१/२०७५/०७६ | डवल क्याब पिकअप जीप( दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३०००।० | ६००००।- |
| ०२/२०७५/०७६ | अफ रोड मोटर साईकल (दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान ६ (छ) | ३०००।० | ७३५००।- |

**नोट : मिति २०७५ असोज २९ गतेको राष्ट्रिय दैनिक ब्लाष्ट पत्रिकामा प्रकाशित भएको ।**